# नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०७२।९।१४

संशोधन
नेपाल सरकार (कार्य विभाजन) (पहिलो संशोधन) नियमावली, २०७२ २०७२।९।१७

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ ।

(ख) "मन्त्री" भन्नाले प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीलाई सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रूपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

३. मन्त्रालय : मन्त्रालय अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन् ।

४. कार्यसम्पादन: नेपाल सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरूद्वारा हुनेछ ।

५. कार्य विभाजन : (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ ।

(३) प्रधानमन्त्रीले कुनै मन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ ।

(४) प्रधानमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ ।

तर सम्बन्धित मन्त्री नेपालमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैंले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन ।

६. मन्त्रीको जिम्मेवारी : नियम ५ बमोजिम आफूलाई तोकिएको काम सम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ ।

७. अनुसूचीमा हेरफेर : नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

८. खारेजी र बचाउ :(१) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ खारेज गरिएको छ ।

(२) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम भए गरेको काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)

**मन्त्रालयको नाम**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
२. अर्थ मन्त्रालय,
३. आपूर्ति मन्त्रालय
४. उद्योग मन्त्रालय,
५. ऊर्जा मन्त्रालय,
६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
७. कृषि विकास मन्त्रालय,
८. खानेपानी तथा सरसफाइ मन्त्रालय
९. गृह मन्त्रालय,
१०. जनसंख्या तथा वातावरण मन्त्रालय,
११. परराष्ट्र मन्त्रालय,
•१२. पशुपक्षी विकास मन्त्रालय
१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,
१५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
१६. युवा तथा खेलकुद मन्त्रालय,
१७. रक्षा मन्त्रालय,
१८. वन तथा भू-संरक्षण मन्त्रालय,
१९. वाणिज्य मन्त्रालय,
२० . विज्ञान तथा प्रविधि मन्त्रालय,
२१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय,
२२. शिक्षा मन्त्रालय,
२३. श्रम तथा रोजगार मन्त्रालय,
२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
२५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
२६. सहकारी तथा गरिबी निवारण मन्त्रालय,
२७. सहरी विकास मन्त्रालय,
२८. सामान्य प्रशासन मन्त्रालय,
२९. सिँचाई मन्त्रालय,
३०. सूचना तथा सञ्चार मन्त्रालय,
३१. स्वास्थ्य मन्त्रालय

• पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

अनुसूची-२
(नियम ५ सँग सम्बन्धित)

## मन्त्रालयको कार्य विभाजन

### १. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. मन्त्रिपरिषद्को कार्य ,
२. नेपाल सरकारको कार्य विभाजन र मन्त्रालयहरूको गठन, विघटन तथा सङ्गठन संरचना हेरफेर,
३. नेपाल सरकारको कार्यसम्पादन नियमावली,
४. विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन,
५. मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन,
६. संघियता समन्वय, कार्यान्वयन र सहजीकरण,
७. विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति वा जारी,
८. नेपाल सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
९. देशको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, कुटनीतिक गतिविधि तथा शान्ति सुव्यवस्थाको अद्यावधिक जानकारी तथा अनुगमन,
१०. व्यवस्थापिका-संसद्को अधिवेशन आह्वान र अन्त्य,
११. केन्द्रीयस्तरमा व्यवस्थापन सूचना प्रणालीको विकास तथा अनुगमन,
१२. शासकीय सुधार, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना,
१३. द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन,
१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
१५. मानव अधिकारको संरक्षण र प्रवर्द्धन,
१६. सुशोभन,
१७. विपद् व्यवस्थापनको अद्यावधिक जानकारी र निर्देशन,
१८. भ्रष्टाचार विरुद्धको नीति, योजना तथा त्यसको कार्यान्वयन,
१९. प्रधानमन्त्री दैवीप्रकोप/सहायता कोष सञ्चालन,
२०. प्रधानमन्त्रीको आन्तरिक तथा बाह्य जनसम्पर्क र सञ्चार,
२१. प्रचलित कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने लिखत,
२२. नयाँ नेपाल निर्माण कोष,
२३. अदालतको फैसला कार्यान्वयनको अनुगमन,
२४. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय,
२५. संवैधानिक परिषद्,
२६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
२७. लोकसेवा आयोग,
२८. राष्ट्रिय मानव अधिकार आयोग,
२९. राष्ट्रिय योजना आयोग,
३०. क्षेत्रीय प्रशासन,
∂३०क. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
३१. लगानी बोर्ड,
३२. राष्ट्रिय सतर्कता केन्द्र,
३३. सार्वजनिक खरिद अनुगमन कार्यालय,
३४. नेपाल ट्रष्टको कार्यालय,
३५. गरिबी निवारण कोष,
३६. प्रधानमन्त्री र मन्त्रिपरिषद् सम्बन्धी अन्य कार्यहरू ।

∂ पहिलो संशोधनद्वारा थप ।

**२. अर्थ मन्त्रालय**

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. आर्थिक विश्लेषण,
३. आर्थिक साधनको बाँडफाँड,
४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,
५. नेपाल राष्ट्र बैङ्क, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,
६. आय र व्ययको विवरण (बजेट) ,
७. राजस्व नीति र योजना,
८. राजस्व प्रशासन तथा राजस्व सङ्कलन,
९. राजस्व अनुसन्धान,
१०. सामान्य मूल्य नीति,
११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,
१२. आर्थिक, बैंकिङ्ग तथा मुद्राविषयक अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय,
१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,
१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
१५. सार्वजनिक ऋण तथा नियन्त्रण,
१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,
१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण,
१८. विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,
१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,
२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,
२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,
२२. सार्वजनिक संस्थानको प्रशासन, नीति निर्माण र समन्वय,
२३. राजस्व र आर्थिक प्रशासन तालीम,
२४. पूँजीबजार,
२५. सार्वजनिक लगानी,
२६. महालेखापरीक्षकको कार्यालय,
२७. कर्मचारी सञ्चय कोष,
२८. नागरिक लगानी कोष,
२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,
३०. सम्पत्ति शुद्धीकरण,
३१. युवा स्वरोजगार सम्बन्धी,
३२. नगर विकास कोष,
३३. अवकाश कोष,
३४. नेपाल लेखापरीक्षण सेवाको सञ्चालन ।

**३. आपूर्ति मन्त्रालय**

१. आपूर्तिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. आपूर्ति विषयक अध्ययन, अनुसन्धान र सर्वेक्षण,
३. अत्यावश्यक वस्तुको आपूर्ति तथा नियमन,
४. आपूर्तिसम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन,
५. खाद्य तथा अन्य उपभोग र अत्यावश्यक वस्तु सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
६. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, र आपूर्ति र नियमन,
७. उपभोक्ताको हक, हित र अधिकारको संरक्षण,
८. सिण्डिकेट र कार्टेलिङ्गको नियन्त्रण,
९. आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन ।

### ४. उद्योग मन्त्रालय

१. उद्योग र औद्योगिक विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना, कार्यान्वयन तथा नियमन,
३. खानी तथा खनिज विकास विषयक अध्ययन, अन्वेषण तथा सर्वेक्षण,
४. औद्योगिक विकास,
५. औद्योगिक क्षेत्र, औद्योगिक संघ, संस्था तथा औद्योगिक नियोग,
६. संयुक्त राष्ट्र सङ्घीय औद्योगिक विकास सङ्गठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक सङ्गठन,
७. वैदेशिक लगानी प्रवर्द्धन (लगानी बोर्डको कार्यक्षेत्र बाहेक),
८. औद्योगिक लगानी प्रवर्द्धन (लगानी बोर्डको कार्यक्षेत्र बाहेक),
९. घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन,
११. गुणस्तर र नापतौल निर्धारण तथा प्रवर्द्धन,
११. उद्योग सम्बन्धी सार्वजनिक प्रतिष्ठान,
१२. उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम,
१३. औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण,
१४. औद्योगिक जनशक्तिको विकास र तालीम, अन्वेषण तथा सर्वेक्षण,
१५. औद्योगिक व्यवसाय प्रवर्द्धन र संरक्षण,
१६. कम्पनीको प्रशासन तथा अनुगमन,
१७. औद्योगिक सम्पत्ति प्रशासन,
१८. कम्पनी तथा सङ्गठित संस्थाको दामासाही सम्बन्धी कार्य,
१९. विशेष आर्थिक क्षेत्रको स्थापना र व्यवस्थापन,
२०. औद्योगिक प्रयोजनका लागि गरिने आयातको नियमन तथा सहजीकरण,
२१. लगानी संरक्षण र प्रवर्द्धन सम्बन्धी द्विपक्षीय तथा बहुपक्षीय सन्धि सम्झौता,
२२. रुग्ण उद्योगको उत्थान र विकास,
२३. औद्योगिक तथा व्यवसायिक सीप विकास तालीम,
२४. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गतका माइनिङ इन्जिनियरिङ, केमिकल इन्जिनियरिङ, मेटालर्जिकल इन्जिनियरिङ, मेट्रोलजी, जियोलजी र केमिष्ट्री समूहको सञ्चालन ।

### ५. ऊर्जा मन्त्रालय

१. ऊर्जा उत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रवर्द्धन र विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. ऊर्जाको उपयोग सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन
३. ऊर्जा सम्बन्धी बहुउद्देश्यीय योजनाको समन्वय, निर्माण, सञ्चालन तथा प्रवर्द्धन,
४. ऊर्जा सम्बन्धी जनशक्तिको विकास,
५. नवीकरणीय ऊर्जाको विकास,
६. ऊर्जा विकास तथा विद्युत विकास सम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण, सञ्चालन, सम्भार र विकास,
७. ऊर्जा सम्बन्धी कम्पनी तथा संस्थाको समन्वय र प्रशासन,
८. ऊर्जा विकासमा निजी क्षेत्रको लगानी प्रवर्द्धन (लगानी बोर्डको कार्यक्षेत्र बाहेक),
९. ऊर्जाको उपयोग सम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्पर्क,
१०. ऊर्जाको उपयोग सम्बन्धी द्विपक्षीय वा बहुपक्षीय संयन्त्रको संयोजन, वार्ता तथा सन्धि सम्झौता,
११. जलस्रोत सम्बन्धी द्विपक्षीय वार्ता, बहुपक्षीय सन्धि सम्झौता,
१२. विद्युतको नियमन, रोयल्टी तथा महसुल दरको निर्धारण र कार्यान्वयन,
१३. नेपाल विद्युत प्राधिकरण तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय,
१४. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेको जल तथा त्यसको उपयोग र ऊर्जा सम्बन्धी कार्य,
१५. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन,–
   (क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह,
   (ख) मेकानिकल इन्जिनियरिङ समूह,
   (ग) सिभिल इन्जिनियरिङ समूहको हाइड्रोपावर उपसमूह ।

### ६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१. ऐन, अध्यादेश, नियम र आदेशको तर्जुमा,

२. नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन र सुधार,
३. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,
४. कानूनी राय तथा परामर्श,
५. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सो सम्बन्धी परामर्श,
६. सरकारी मुद्दा फिर्ता, मिलापत्र र नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको प्रतिरक्षा,
७. देहायका विषयमा प्रदान गरिने कानूनी राय,–
 (क) द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौताको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन,
 (ख) अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति,
 (ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व,
 (घ) अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोण ।
८. नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्,
९. अन्तर्राष्ट्रिय कानूनी विवाद,
१०. अन्तर्राष्ट्रिय कानून सम्बन्धी संस्था र सम्मेलन,
११. नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धिको अनुवाद,
१२. नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण,
१३. कानूनको एकीकरण तथा संहिताकरण,
१४. सन्धि तथा सम्झौताको प्रकाशन,
१५. सर्वोच्च अदालत र अन्तर्गतका अदालत सम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगत तथा सरकारी मुद्दाको अभिलेख,
१६. विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत र यस्तै प्रकृतिका अन्य अदालत तथा न्यायाधिकरण,
१७. नि:शुल्क कानूनी सहायता,
१८. कानून किताबको व्यवस्था तथा प्रकाशन,
१९. विवाद समाधानका वैकल्पिक उपाय,
२०. कानून तथा न्यायसँग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्पर्क, सहयोग र समन्वय,
२१. व्यवस्थापिका–संसद् सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन,
२२. व्यवस्थापिक–संसद्, व्यवस्थापिका–संसद् सचिवालय तथा सो सम्बन्धी सेवाका कर्मचारीको सेवा सञ्चालन,
२३. व्यवस्थापिका–संसदको वैदेशिक सम्पर्क र समन्वय,
२४. अन्तर–व्यवस्थापिका संघ (आई.पी.यू.),
२५. सरकारी तथा गैर सरकारी विधेयक,
२६. सरकारी आश्वासन तथा संकल्पको कार्यान्वयन,
२७. संविधानसभा अदालत,
२८. महान्यायाधिवक्ताको कार्यालय,
२९. न्याय परिषद्,
३०. न्याय सेवा आयोग,
३१. राजस्व न्यायाधिकरण,
३२. न्यायिक जाँचबुझ आयोग,
३३. नेपाल कानून आयोग,
३४. नेपाल कानून व्यवसायी परिषद्,
३५. राष्ट्रिय न्यायिक प्रतिष्ठान,
३६. नेपाल न्याय सेवाको सञ्चालन ।

## ७. कृषि विकास मन्त्रालय

१. कृषि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. खाद्यान्न, नगदे बाली, औद्योगिक बाली (सजिवन तथा रबर प्लान्ट समेत), तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन,
३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र प्रविधि विस्तार,
४. कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान, विकास तथा विस्तार,
५. बाली संरक्षण, अनुसन्धान तथा सर्वेक्षण,
६. कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम,
७. कृषि नर्सरी तथा बीउ बिजनको विकास ,

•८. माहुरी पालन तथा रेशम खेती,
९. कृषि क्षेत्रको व्यवसायीकरण, औद्योगिकीकरण र कृषिजन्य वस्तुको बजार व्यवस्थापन तथा विस्तार,
१०. प्राङ्गारिक, जैविक तथा रासायनिक मल,
११. खाद्य गुणस्तर निर्धारण, अनुसन्धान, नियन्त्रण तथा विस्तार,
१२. कृषि क्षेत्रको बिउ, बिजन, विरुवाको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन,
१३. कृषि क्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,
•१४. खाद्य सुरक्षा, खाद्य तथा प्लान्ट क्वारेन्टाइन,
∂१४क. मत्स्यपालन र जलचरसम्बन्धी अध्ययन अनुसन्धान, विकास तथा बजार प्रबर्द्धन,
∂१४ख. माछा आदिको जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन,
१५. कृषि सूचना प्रणाली,
१६. कृषि वातावरण तथा विषादि व्यवस्थापन,
१७. प्राङ्गारिक खेती तथा प्राङ्गारिक प्रमाणीकरण,
१८. कृषि सम्बन्धी जैविक विविधता र जैविक प्रविधि (Bio-technology) को विकास तथा विस्तार,
१९. फसल वीमा,
२०. कृषि वस्तु, सेवा र प्रविधिको सम्बद्धता,स्तरीयकरण तथा प्रमाणीकरण,
२१. कृषि सम्बन्धी प्रयोगशालाको सम्बद्धता सम्बन्धी विषय,
२२. खाद्यन्न बाली र अत्यावश्यक वस्तुहरूको उत्पादन तथा बजार व्यवस्थापन,
२३. संयुक्त राष्ट् सङ्घीय खाद्य तथा कृषि सङ्गठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा अन्तर्राष्ट्रिय कृषि संस्था,
२४. कृषि फार्म तथा कृषि केन्द्र,
२५. कृषि सम्बन्धी संस्थान, समिति तथा कम्पनी,
२६. नेपाल कृषि सेवाको सम्बन्धित समूहको सञ्चालन ।

### ८. खानेपानी तथा सरसफाइ मन्त्रालय

१. खानेपानी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
२. खानेपानी, सरसफाइ तथा ढल निकास,
३. काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड,
४. काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड,
५. काठमाण्डौं उपत्यमा खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशनालय,
६. नेपाल खानेपानी संस्थान,
७. मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना र अन्य खानेपानीसँ ग सम्बन्धित विषय,
८. खानेपानी तथा महसुल निर्धारण आयोग,
९. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको स्यानिटरी उपसमूहको सञ्चालन ।

### ९. गृह मन्त्रालय

१. आन्तरिक सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. शान्ति, सुव्यवस्था तथा कानून र व्यवस्था,
३. हातहतियार र खरखजानाको इजाजत र नियन्त्रण,
४. विस्फोटक पदार्थ नियन्त्रण,
५. विदेशी नागरिकको नियमन तथा नियन्त्रण,
६. सवारी नियन्त्रण तथा उपत्यकामा रहेका सरकारी सवारी साधनको व्यवस्थापन,
७. गैर सरकारी सङ्घ, संस्था प्रशासन,
८. क्षेत्रीय तथा स्थानीय प्रशासन,
९. नागरिकता,
१०. जनमत सङ्ग्रह,
११. आप्रवासन तथा प्रवासन,

---

• पहिलो संशोधनद्वारा संशोधित ।

∂ पहिलो संशोधनद्वारा थप ।

१२. तीर्थस्थान र तीर्थयात्री,
१३. कल्याण धन र बेवारिसी धन,
१४. चिट्‌ठा, जुवा आदिको नियन्त्रण,
१५. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण,
१६. विपद्‌ व्यवस्थापन,
१७. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि,
१८. सार्वजनिक चन्दा संकलन नियमन र नियन्त्रण,
१९. अध्यागमन,
२०. सजायको माफी, मिनाहा तथा परिवर्तन,
२१. विभूषण सम्बन्धी कार्य,
२२. शरणार्थी मामिला,
२३. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना,
२४. राष्ट्रिय परिचयपत्र,
२५. लागू औषध नियन्त्रण र प्रशासन,
२६. अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा र सीमा प्रशासन,
२७. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
२८. सङ्गठित अपराध नियन्त्रण,
२९. बारुदी सुरुङ्गको निवारण,
३०. धार्मिक विषय,
३१. सुपुर्दगी,
३२. कारागार व्यवस्थापन,
३३. प्रहरी कल्याण,
३४. निर्वाचन आयोग,
३५. नेपाल प्रहरी,
३६. सशस्त्र प्रहरी बल,
३७. राष्ट्रिय अनुसन्धान विभाग,
३८. प्रहरी कितावखाना,
३९. अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

**१०. जनसंख्या तथा वातावरण मन्त्रालय**

१. वातावरण तथा जनसङ्ख्या सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. वातावरण तथा जनसङ्ख्या सम्बन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी, सम्मेलन आदि,
३. वातावरण तथा जनसङ्ख्या सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
४. सरकारी तथा गैरसरकारी सङ्घ संस्थाद्वारा कार्यान्वयन गरिएका वातावरण तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा,
५. वातावरण तथा जनसङ्ख्या सम्बन्धी जनशक्तिको विकास र उपयोग,
६. वातावरणको क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
७. वातावरण सम्बद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
८. वातावरण विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
९. जल तथा मौसम विज्ञान विषयक अध्ययन, अनुसन्धान र भविष्यवाणी,
१०. जैविक प्रविधिको अध्ययन, अनुसन्धान, प्रवर्द्धन, विकास, उपयोग र नियमन,
११. जलवायु परिवर्तन तथा अनुकूलन,
१२. वातावरण तथा जनसङ्ख्या विषय सम्बन्धी प्रकाशन एवं प्रचारप्रसार,
१३. प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन,
१४. वैकल्पिक ऊर्जा विकास,
१५. संयुक्त राष्ट्र जनसङ्ख्या कोष र जनसङ्ख्या सम्बद्ध अन्तराष्ट्रिय सङ्घ-संस्था,
१६. जनसङ्ख्या व्यवस्थापन, जनसंङ्ख्या तथा बसाइसराइ नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ।

## ११. परराष्ट्र मन्त्रालय

१. नेपालको परराष्ट्र नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. विदेशी राष्ट्रहरुसँगको सम्बन्ध,
३. विदेशमा नेपालको प्रतिनिधित्व,
४. विदेशमा नेपाल सम्बन्धी प्रचार प्रसार,
५. राहदानी तथा विदेशमा दिइने भिसा,
६. अतिथि सत्कार,
७. शिष्टाचार (प्रोटोकल),
८. नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दाबा,
९. कूटनीतिक संरक्षण तथा उन्मुक्ति,
१० . विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरूको हक, हित र संरक्षण,
११. गैर आवासीय नेपाली ,
१२. आर्थिक कूटनीति,
१३. अन्तर्राष्ट्रिय तहमा जनस्तरीय तथा गैर सरकारी संस्थाको विकास र प्रवर्द्धन,
१४. वाणिज्यदूत सम्बन्धी अभ्यास (कन्सुलर प्राक्टिस) ,
१५. संयुक्त राष्ट् सङ्घ, क्षेत्रीय सहयोगका लागि दक्षिण एसियाली सङ्गठन तथा अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्था,
१६. नेपालस्थित विदेशी नियोग,
१७. कूटनीतिक तहमा हुने वार्ता र सम्झौता सम्बन्धी विषय (अन्य मन्त्रालयलाई तोकिएको विषय बाहेक),
१८. नेपाल परराष्ट्र सेवाको सञ्चालन ।

## •१२. पशुपक्षी विकास मन्त्रालय

१. पशु विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. पशुपक्षी पालन तथा यसको विकास, व्यवस्थापन, नश्लसुधार, दाना र चरनको अनुसन्धान तथा विकास,
३. पशुचिकित्सा, औषधि उत्पादन तथा नियमन,
४. दुग्ध र दुग्धपदार्थबाट बनेका वस्तुहरुको अनुसन्धान, विकास तथा बजार प्रवर्द्वन,
५. ∝........
६. ∝........
•७. पशु क्वारेन्टाइन,
•८. पशुपक्षी आदिको जात, नश्लको गुणसतर निर्धारण, प्रमाणीकरण तथा नियमन,
९. पशुपक्षी सँ ग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,
१०. मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थको विकास,
११. पशुपक्षी बिमा,
१२. पशु सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण तथा प्रमाणीकरण,
१३. पशुसेवा सम्बन्धी प्रयोगशालाको सम्बद्धता सम्बन्धी विषय,
१४. विश्व पशु स्वास्थ्य संगठन,
१५. पशुपक्षी आहार, पशुपन्छी फार्म तथा पशुपन्छी विकास केन्द्र,
१६. नेपाल कृषि सेवाका सम्बन्धित समूहको सञ्चालन ।

## १३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. मालपोत र रजिष्ट्रेशन,
३. जग्गा दर्ता, मूल्याङ्कन,जग्गा प्रशासन र राजस्व संकलन,
४. सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण,
५. भूमि सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन,
६. अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भको निर्माण, पुन: स्थापना तथा मर्मत सम्भार,
७. जग्गा नापजाँच सम्बन्धी प्रशासन,

---

• पहिलो संशोधनद्वारा संशोधित ।

∝ पहिलो संशोधनद्वारा झिकिएको ।

• पहिलो संशोधनद्वारा संशोधित ।

८. अनिवार्य बचत योजना, ऋण वितरण तथा असुली,
९. जियोडेटिकल नापी, टोपोग्राफिक नक्सा तयारी र हवाई सर्वेक्षण लगायत नाप नक्सा सम्बन्धी कार्य,
१०. गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतको जग्गा व्यवस्थापन,
११. सुकुम्बासी समस्या,
१२. मुक्त कमैया, कम्लहरी र हलिया व्यवस्थापन,
१३. भू–उपयोग सम्बन्धी नीति तथा व्यवस्थापन,
१४. भौगोलिक सूचना पूर्वाधार,
१५. भू–सूचना तथा अभिलेख,
१६. सरकारी तथा पर्ती जग्गा अभिलेख, संरक्षण,
१७. अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका भूमि सम्बन्धी विषय,
१८. नेपाल इन्जिनियरिङ सेवाको सर्भे समूहको सञ्चालन ।

## १४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

१. भौतिक पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. यातायात (हवाई यातायात बाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालन सम्बन्धी नीति, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
३. स्थलमार्ग, जलमार्ग, रेलमार्ग, सव–वे, फ्लाइओभर र रज्जुमार्गको निर्माण तथा विकास सम्बन्धी नीति र योजनाको नियमन, स्वीकृति तथा कार्यान्वयन,
४. रणनीतिक सडक (गोरेटो/घोडेटो बाटो र स्थानीय सडक बाहेक) तथा पुल (झोलुङ्गे पुल र स्थानीय पुल बाहेक) को निर्माण, मर्मत, सम्भार तथा संरक्षण,
५. स्थलमार्ग तथा रज्जुमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क,
६. यातायात (हवाई यातायात बाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित संस्थान, कम्पनी तथा सङ्गठन,
७. यातायात (हवाई यातायात बाहेक) सेवा नियमन, व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था तथा निकायसँग सम्पर्क सम्बन्धी कार्य,
८. यातायात सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क संकलन तथा विश्लेषण,
९. सडक बोर्ड लगायत सडक, रेल तथा यातायात व्यवस्था सम्बन्धी अन्य निकाय,
१०. इन्जिनियरिङ परिषद् तथा इन्जिनियरिङ परामर्श सेवा (कन्सल्टेन्सी) र सो सम्बन्धी संस्था,
११. रेलमार्ग, मेट्रो निर्माण सञ्चालन र सम्भार,
१२. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको हाइवे र रेल उपसमूहको सञ्चालन ।

## १५. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,
३. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ–संस्थासँग सम्पर्क र समन्वय,
४. अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तको संरक्षण,
५. महिला कल्याण तथा सीप विकास,
६. बालबालिकाको कल्याण,
७. जेष्ठ नागरिकको सुरक्षा र कल्याण,
८. राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको समन्वय तथा परिचालन,
९. सरकारी तथा गैर सरकारी संघ–संस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन,
१०. धर्मपुत्र र धर्मपुत्री,
११. लैंगिक हिंसा सम्बन्धी विषय,
१२. राष्ट्रिय, महिला आयोग,
१३. समाज कल्याण परिषद्,
१४. समाज कल्याण केन्द्र,
१५. वृद्धाश्रम,
१६. बाल मन्दिर ।

## १६. युवा तथा खेलकुद मन्त्रालय

१. युवा तथा खेलकुद सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. युवा परिचालन तथा राष्ट्रिय युवा विकास,
३. युवा तथा खेलकुद सम्बन्धी विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण,
४. युवालयको सञ्चालन र युवालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,
५. युवा जनशक्तिको प्रशिक्षण र तालीम,
६. युवा तथा खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व,
७. खेलकुद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम,
८. युवा जागरण तथा विकास सम्बन्धी कार्यक्रम,
९. युवा तथा खेलकुद सम्बन्धी विषयमा सरकारी र गैर सरकारी संघ, संस्थाको परिचालन तथा क्षमता विकास,
१०. राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुद सम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था,
११. नेपाल स्काउट ।

## १७. रक्षा मन्त्रालय

१. राष्ट्रिय, सुरक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. नेपाली सेनाको गठन, परिचालन, व्यवस्थापन, नियन्त्रण, लोकतान्त्रीकरण र पुनर्संरचना,
३. सैनिक अधिकृत तथा जवानको अनुशासन र सेवा शर्त,
४. सैनिक तालीम,
५. सेनाको सुविधा,
६. सैनिक हातहतियार तथा सामग्रीको खरिद र उत्पादन,
७. सैनिक कारबाही र सेनाको गतिविधि,
८. सैनिक निर्माणशाला,
९. सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
१०. सैनिक भण्डार,
११. सैनिक ब्यारेक तथा कार्यालयको व्यवस्था,
१२. विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
१३. राष्ट्रिय, सेवा दलको सङ्गठन, तालीम र प्रशासन,
१४. सैनिक कल्याण,
१५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा,
१६. नेपाली सैनिक विमान सेवा,
१७. सैनिक कल्याणकारी योजना,
१८. राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
१९. सिलखाना,
२०. सैनिक गुप्तचर विभाग,
२१. सैनिक अस्पताल ।

## १८. वन तथा भू-संरक्षण मन्त्रालय

१. वन तथा भू–संरक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. राष्ट्रिय, वन क्षेत्र, सरकारी वन, सरकारद्वारा व्यवस्थित वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला बन तथा निजी वन आदि,
३. सरकारी तथा गैर सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण,
४. वन जंगलको संरक्षण, उपयोग, संवर्द्धन र व्यवस्थापन,
५. वन पैदावार (काठ दाउरा, वन्यजन्तु, जडीबूटी, गैरकाष्ठ पदार्थ, वन क्षेत्रको पानी, माटो, ढुङ्गा गिट्टी, बालुवा आदि) को संरक्षण र व्यवस्थापन,
६. वनजन्य उद्योग र कच्चा पदार्थको प्रबन्ध,
७. वन सम्बन्धी अध्ययन, अनुसन्धान, प्रचारप्रसार, तालीम, क्षमता अभिवृद्धि आदि,
८. वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र लाभको बाँडफाँड,
९. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार र चरन क्षेत्रसँग, सम्बन्धित विषय,
१०. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
११. भू–तथा जलाधार क्षेत्र, बृहत् जलाधार क्षेत्र तथा तालतलैयाको संरक्षण, संवर्द्धन, विकास, समन्वय र व्यवस्थापन,

नेपाल कानून आयोग

१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन,
१३. वनस्पति र जडीबूटी सम्बन्धी नीति तथा अध्ययन, अनुसन्धान, प्रचारप्रसार, सर्वेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन, उपयोग तथा व्यवसायीकरण,
१४. वनस्पति उद्यान तथा जडीबूटी उद्योग,
१५. वनस्पति, वन्यजन्तु र जैविक विविधता सङ्ग्रहालय,
१६. वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वन क्षेत्रसँग सम्बन्धित जलवायु परिवर्तन, जलाधार संरक्षण र भू–संरक्षण सम्बन्धी प्रदर्शनी तथा प्रचारप्रसार,
१७. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण, जैविक विविधता र भू–संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन,
१८. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू–संरक्षण सम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थासँग समन्वय र सम्पर्क,
१९. प्रकृति संरक्षण,
२०. सरकारी, सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपण, वन विकास तथा व्यवस्थापन,
२१. नेपाल वन सेवाको सञ्चालन ।

## १९. वाणिज्य मन्त्रालय

१. वाणिज्य तथा व्यापार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. आन्तरिक तथा अन्तराष्ट्रिय व्यापार विषयक अध्ययन, अनुसन्धान सर्वेक्षण,
३. निकासी तथा पैठारी सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
४. निकासी प्रवर्द्धन,
५. सरकारी तथा सार्वजनिक व्यापारको सञ्चालन,
६. वाणिज्य सम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी आदिका सञ्चालन,
७. वाणिज्य, व्यापार र पारवहन सम्बन्धी अन्तराष्ट्रिय संस्थासँगको सम्पर्क,
८. विश्व व्यापार सङ्गठन लगायतका बहुपक्षीय व्यापारसँग सम्बन्धित अन्तराष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता तथा प्रतिबद्धताको कार्यान्वयन र अनुगमन,
९. साफ्टा, विमस्टेक लगायतका क्षेत्रीय व्यापार सम्झौतासँग सम्बन्धित संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता तथा प्रतिबद्धताको कार्यान्वयन र अनुगमन,
१०. द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्बन्धी सन्धि सम्झौता,
११. पारवहन, गोदाम तथा अन्तराष्ट्रिय परिवहन व्यवस्था,
१२. वस्तुको बहुविधिक (Multimode) ढुवानी,
१३. अन्तराष्ट्रिय व्यापार कूटनीतिको सञ्चालन र प्रवर्द्धन,
१४. व्यापार क्षेत्रसँग सम्बन्धित सुख्खा बन्दरगाह, कन्टेनर फ्रेटस्टेशन, गोदाम निर्माण लगायतका पूर्वाधारको स्थापना र व्यवस्थापन ।

## २०. विज्ञान तथा प्रविधि मन्त्रालय

१. विज्ञान र सूचना प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. विज्ञान र प्रविधि सम्बन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठि, सम्मेलन आदि,
३. विज्ञान र प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय,
४. सरकारी तथा गैरसरकारी सङ्घ संस्थाद्वारा कार्यान्वयन गरिएका विज्ञान र प्रविधि सम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समीक्षा,
५. विज्ञान र प्रविधि सम्बन्धी जनशक्तिको विकास र उपयोग,
६. विज्ञान तथा प्रविधिको विकास तथा विस्तारका कार्यक्रम,
७. विज्ञान र प्रविधिको क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान,
८. विज्ञान र प्रविधि सम्बद्ध विश्वविद्यालयसँग सम्पर्क तथा समन्वय,
९. विज्ञान र प्रविधिसँग सम्बन्धित सामग्रीको उत्पादन, आपूर्ति तथा व्यवस्थापन,
१०. अत्याधुनिक प्रविधि विषयक तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण,
११. विज्ञान र प्रविधि विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारीपत्र,
१२. सूचना प्रविधिको विकास तथा विस्तार,
१३. पारमाणविक(Nuclear) प्रविधिको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,
१४. रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन,

१५. अन्तरिक्ष विज्ञान सम्बन्धि अध्ययन तथा अनुसन्धान,
१६. सूचना प्रविधि सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था,
१७. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान,
१८. विज्ञान तथा प्रविधि परिषद्,
१९. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला,
२०. प्लानेटोरियम, वेधशाला र विज्ञान सङ्ग्रहालय,

### २१. शान्ति तथा पुनर्निर्माण मन्त्रालय

१. ∝...........
२. शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन तथा विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्कालीन र दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
३. द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकासको नीति, रणनीति र कार्यक्रम,
४. विस्तृत शान्ति सम्झौता लगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
५. दिगो शान्ति कायम गर्न आवश्यक संस्थागत, प्रक्रियागत तथा प्राविधिक विषय,
६. शान्ति स्थापना तथा द्वन्द्व व्यवस्थापन सम्बन्धी अध्ययन, विश्लेषण तथा अनुभवको आदान-प्रदान,
७. द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको राहत, आर्थिक सहायता तथा पुन:स्थापन,
८. द्वन्द्व–संवेदनशील प्रणालीबारे अध्ययन तथा अनुसन्धान,
९. शान्ति स्थापना तथा द्वन्द्वको व्यवस्थापन सम्बन्धी सूचना, अध्ययन सामग्री र अध्ययन प्रतिवेदनको अभिलेख केन्द्र तथा शान्ति र द्वन्द्व व्यवस्थापनको प्राविधिक स्रोतकेन्द्र सम्बन्धी,
१०. शान्ति प्रक्रिया र द्वन्द्वको सङ्क्रमणकालीन व्यवस्थापन,
११. •द्वन्द्वको कारणबाट क्षति भएका भौतिक संरचनाको पुननिर्माण तथा पुन:स्थापनाको योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत निकायसँगको समन्वय,
१२. शान्ति कोषबाट सञ्चालित योजना तथा कार्यक्रमको सञ्चालन र अनुगमन,
१३. शान्ति स्थापना र द्वन्द्व व्यवस्थापनसँग सम्बन्धित सरकारी, गैर सरकारी तथा अन्तर्राष्ट्रिय संघ–संस्थाको सम्पर्क
१४. सत्य निरूपण तथा मेलमिलाप आयोग,
१५. बेपत्ता सम्बन्धी छानविन आयोग,
१६. ∝...........
१७. शान्ति प्रक्रिया सम्बन्धी उच्चस्तरीय अनुगमन समिति
१८. स्थानीय शान्ति समिति ।

### २२. शिक्षा मन्त्रालय

१. शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. शिशु, प्राथमिक, निम्न–माध्यमिक, माध्यमिक, उच्च–माध्यमिक तथा उच्च–शिक्षा, दूर–शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षा,
३. जनसङ्ख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम,
४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा,
५. शिक्षक तालीम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन,
६. शिक्षण संस्था (गुरुकुल, मदरसा, गुम्बा समेत) ,
७. खुला प्रतियोगिताबाट छनौट हुनेलाई छात्रवृत्ति, विदेशमा अध्ययन, अनुसन्धान गर्न जाने तथा विदेशीलाई नेपालमा अध्ययन, अनुसन्धानको स्वीकृति,
८. प्राज्ञिक अनुसन्धान,
९. पाठ्यक्रम तथा पाठ्यपुस्तक,
१०. शिक्षा सम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान,
११. पुस्तकालय र वाचनालय,
१२. शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय,
१३. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौता,
१४. संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) ,
१५. विश्वविद्यालय तथा अध्ययन संस्थान,

∝ पहिलो संशोधनद्वारा झिकिएको ।

• पहिलो संशोधनद्वारा संशोधित ।

१६. विश्वविद्यालय अनुदान आयोग,
१७. जनक शिक्षा सामग्री केन्द्र,
१८. साझा प्रकाशन,
१९. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूह बाहेक) ।

**२३. श्रम तथा रोजगार मन्त्रालय**

१. श्रम तथा रोजगार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
२. श्रमशक्ति र श्रमबजार सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क संकलन तथा विश्लेषण,
३. अन्तर्राष्ट्रिय श्रम सङ्गठन तथा श्रम सम्बन्धी अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ–संस्था,
४. श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध,
५. रोजगार सेवा तथा श्रमिक आपूर्ति,
६. वैदेशिक रोजगार,
७. व्यावसायिक तालीमको सञ्चालन, समन्वय तथा प्रवर्द्धन,
८. महिला, अपाङ्ग तथा मजदुरको सीप र तालीम,
९. ट्रेड युनियन,
१०. श्रमिकहरूको सामाजिक सुरक्षा,
११. विदेशीहरूका लागि श्रम स्वीकृति,
१२. श्रम प्रशासन र व्यवस्थापन,
१३. श्रमिकलाई उपलब्ध गराइने बोनस,
१४. रोजगारी सिर्जना सम्बन्धी कार्यमा समन्वय ।

**२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

१. संस्कृति, पर्यटन तथा हवाई यातायातको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. पर्यटन तथा हवाई उद्योगको प्रवर्द्धन र संरक्षण,
३. ट्राभल र ट्रेकिङ एजेन्सी,
४. विश्व पर्यटन सङ्गठन लगायत पर्यटन तथा हवाई यातायात सम्बद्ध अन्तर्राष्ट्रिय संस्था,
५. पर्वतारोहण र अन्य साहसिक पर्यटन क्रियाकलाप,
६. विमानस्थलको निर्माण, मर्मत, सम्भार तथा व्यवस्थापन,
७. हवाई यातायात र परिवहनको सञ्चालन तथा व्यवस्था,
८. संयुक्त राष्ट्र सङ्घीय अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्घ तथा नागरिक उड्डयनसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थासँगको सम्पर्क, सहयोग र समन्वय,
९. संस्कृतिको प्रवर्द्धन तथा संरक्षण,
१०. संस्कृतिसम्बद्ध अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क, सहयोग र समन्वय,
११. संस्कृति विषयक अन्तर्राष्ट्रिय सम्झौता, सांस्कृतिक आदान–प्रदान, अध्ययन तथा अनुसन्धान,
१२. पुरातात्विक महत्वका स्मारक र पुरातात्विक वस्तुहरूको सङ्ग्रह, संरक्षण, सम्वर्द्धन, अन्वेषण तथा उत्खनन,
१३. निकासी गरिने पुरातात्विक वस्तुको जाँच र अनुमति,
१४. प्रतिलिपि अधिकार,
१५. सांस्कृतिक सम्पदा, धरोहर र ऐतिहासिक महत्वका दरबारको संरक्षण तथा सम्वर्द्धन,
१६. विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाको साहित्य, लिपि, कला र संस्कृतिको संरक्षण तथा विकास,
१७. पर्यटनसँग सम्बद्ध संघ, सङ्गठन, संस्थान र समिति,
१८. नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान,
१९. पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, सांस्कृतिक संस्थान र अन्य सांस्कृतिक, धार्मिक, पुरातात्विक, संस्था तथा समिति,
२०. नारायणहिटी दरबार सङ्ग्रहालय तथा अन्य सङ्ग्रहालय र अभिलेखालय,
२१. हवाई यातायात सम्बद्ध संस्थान, प्राधिकरण तथा सङ्गठन,
२२. नेपाल शिक्षा सेवा अन्तर्गत आर्कियोलजी समूहको सञ्चालन,
२३. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूहको सञ्चालन–
    (क) सिभिल इन्जिनियरिङ समूह अन्तर्गत एअरपोर्ट उपसमूह,
    (ख) एरोनटिकल इन्जिनियरिङ समूह,
    (ग) सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ समूह ।

### २५. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास तथा सामुदायिक विकास, स्थानीयस्तरको सडक, सिँचाई, खानेपानी, ढल निकास तथा सरसफाई सम्बन्धी नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. विकेन्द्रीकरण र निक्षेपण सम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा अनुगमन,
३. सङ्घीय शासन प्रणाली र राज्य पुनर्संरचना,
४. समावेशी लोकतन्त्र,
५. स्थानीय स्वायत्त शासन तथा स्थानीय सुशासन,
६. अन्तरसरकार वित्तीय हस्तान्तरण तथा स्थानीय निकायहरूको वित्तीय व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था एवं अनुगमन र मूल्याङ्कन,
७. विकास क्षेत्र, अञ्चल, जिल्ला, गाउँ विकास समिति र नगरपालिकाको सिमाङ्कन,
८. स्थानीय विकास कार्यक्रम बीच समन्वय,
९. स्थानीय निकायहरू बीच समन्वय र सम्पर्क,
१०. स्थानीय जनशक्ति र जनसहयोग परिचालन,
११. स्थानीय विकास सम्बद्ध अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क,
१२. स्थानीयस्तरका हाट, बजार, मेला,
१३. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको प्रशासन,
१४. एकीकृत ग्रामीण विकास,
१५. स्थानीय प्रविधिको पहिचान तथा प्रवर्द्धन,
१६. स्थानीय तहका सडक (कृषि सडक समेत),
१७. गोरेटो/घोडेटो बाटो र झोलुङ्गे पुल तथा स्थानीय पुल,
१८. जनजाति, आदिवासी, दलित, वादी तथा मुस्लिम विकास,
१९. स्थानीय विकास,
२०. फोहोरमैला तथा स्रोत परिचालन केन्द्र,
२१. जेष्ठ नागरिक, एकल महिला लगायतको सामाजिक सुरक्षा भत्ता,
२२. ग्रामीण विकास तथा स्थानीय विकास सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था,
२३. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सञ्चालन ।

### २२. सहकारी तथा गरिबी निवारण मन्त्रालय

१. सहकारी र गरिबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. सहकारी संघ, संस्थाको विकास, सुदृढीकरण र नियमन,
३. सहकारी र आर्थिक विकास,
४. सहकारीको प्रवर्द्धन र संरक्षण,
५. अन्तर्राष्ट्रिय सहकारी सङ्गठन सम्बन्धी विषय,
६. अन्तर्राष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास,
७. सहकारी वचत तथा ऋण लगानी सम्बन्धी विषय,
८. सहकारी र गरिबी निवारणसँग आबद्ध संघ, संस्थाको अनुगमन, रेखदेख र नियमन,
९. सहकारी रकमको लगानी,
१०. सहकारी र गरिबी निवारण सम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन,
११. सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय,
१२. सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरीबको पहिचान,
१३. सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको प्रवर्द्धन, कामको समन्वय, अनुगमन र मूल्याङ्कन,
१४. सहकारी र गरिबी निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण,
१५. सहकारी सम्बन्धी क्षमता अभिवृद्धि,
१६. सहकारी र गरिबी निवारण सम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
१७. सहस्राब्दी विकास लक्ष्य (गरिबी निवारण सम्बन्धी),
१८. राष्ट्रिय सहकारी विकास बोर्ड,
१९. सहकारी संघ, संस्था ।

### २७. सहरी विकास मन्त्रालय

१. सहरी विकास र सहरी पूर्वाधारको विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
२. नगरपालिका तथा नगरोन्मुख स्थानहरूको भौतिक योजना तथा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन,
३. सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा,
४. भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तयारी तथा कार्यान्वयन,
५. सहरीकरण, सहरी भू–उपयोग र सहरी विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
६. बसोवास र बस्ती विकास,
७. अव्यवस्थित बसोबासको व्यवस्थापन, सहरी विपन्न वर्ग तथा सहरी आवास विहीनको आवास व्यवस्थापन,
८. केन्द्रीय सचिवालयको भवन व्यवस्थापन,
९. मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था,
१०. नगर विकास समिति र आवास तथा सहरी विकास सम्बन्धी संस्थाको रेखदेख,
११. आवास निर्माण सम्बन्धी गैर सरकारी क्षेत्रका संस्थाको प्रवर्द्धन तथा विकास,
१२. आवास तथा सहरी विकास सम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, संस्थासँग सम्पर्क र सहयोग,
१३. रणनीतिक सडक बाहेकका सहरी सडक,
१४. विशिष्ट सहरी संरचनाको डिजाइन र निर्माण,
१५. काठमाडौं उपत्यका विकास प्राधिकरण,
२६. नगर विकास प्रशिक्षण केन्द्र,
१७. सिंहदरवार विकास समिति,
१८. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति,
१९. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत समिति,
२०. ग्रामीण आवास कम्पनी लिमिटेड,
२१. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट र स्यानिटरी उपसमूहको सञ्चालन ।

**२८. सामान्य प्रशासन मन्त्रालय**

१. निजामती कर्मचारी प्रशासन, व्यवस्थापन तथा अभिलेख सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. बढुवा समितिको सचिवालय,
३. सेवा, समूह तथा उपसमूह परिवर्तन,
४. निजामती सेवाका पदको लागि न्यूनतम शैक्षिक योग्यताको निर्धारण,
५. प्रशासन सुधार,
६. प्रशासन विषयक अन्तर्राष्ट्रिय संघ, संस्था,
७. नेपाल सरकारको तालीम सम्बन्धी नीति र सर्वेक्षण,
८. नेपाल सरकारद्वारा सञ्चालित विभिन्न प्रशासनिक तालीम कार्यक्रमको स्तरीयकरण, समन्वय र मूल्याङ्कन,
९. प्रशासन सेवा सम्बन्धी देशभित्र र बाहिरका तालीम, योजना तथा कार्यक्रममा स्वीकृति,
१०. प्रशासन विषयक तालीमको सञ्चालन र निजामती कर्मचारीलाई प्रदान गरिने विभिन्न तालीम कार्यक्रमको समन्वय तथा मूल्याङ्कन,
११. सार्वजनिक सेवाका पदहरूको तलब तथा अन्य सुविधा विषयक नीति र सिद्धान्त तथा परामर्श,
१२. निजामती कर्मचारीलाई एक मन्त्रालय वा अन्तर्गतबाट अर्को मन्त्रालय वा अन्तर्गत सरुवा,
१३. निजामती सेवामा रहने पदको दरबन्दी सिर्जना,
१४. निजामती सेवा अन्तर्गतका विभिन्न सेवा बीच समन्वय,
१५. निजामती कर्मचारीको कल्याण,
१६. व्यवस्थापकीय परीक्षण,
१७. निजामती किताबखाना,
१८. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
१९. कर्मचारी प्रशिक्षण प्रतिष्ठान,
२०. निजामती अस्पताल,
२१. कर्मचारी सम्बद्ध संघ, संस्था,

२२. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालन ।

## २९. सिँचाई मन्त्रालय

१. सिँचाई क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग एवं विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. सिँचाई र यसको उपयोग सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन,
३. सिँचाई सम्बन्धी बहुमुखी योजनाको निर्माण, सञ्चालन, सम्भार र प्रवर्द्धन,
४. बाढी र नदी नियन्त्रण,
५. सिँचाई विकास सम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण सञ्चालन, सम्भार र विकास,
६. सिँचाई विकासमा निजी क्षेत्रको प्रवर्द्धन,
७. जलस्रोत सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन,
८. सिँचाई आयोजनाहरूको निर्माण, संरक्षण र सिँचाई सुविधाको समुचित प्रयोग (फार्म सिँचाई र साना सिँचाई सम्बन्धी कार्यक्रमहरू समेत),
९. भूमिगत जलस्रोत,
१०. सिँचाई र त्यसको उपयोग सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्पर्क,
११. सिँचाई र त्यसको उपयोग सम्बन्धी द्विपक्षीय वा बहुपक्षीय वार्ता, सन्धि सम्झौता,
१२. सिँचाईसँग सम्बन्धित निकायसँग समन्वय,
१३. पानीपोत,
१४. जलउत्पन्न प्रकोप व्यवस्थापन तथा नियन्त्रण,
१५. जलउत्पन्न प्रकोप सम्बन्धी विषयको अध्ययन, अनुसन्धान तथा कार्यान्वयन,
१६. जलउत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
१७. जलउत्पन्न प्रकोप सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय प्रतिनिधित्व,
१८. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन–
   (क) सिभिल इन्जिनियरिङ समूहको इरिगेशन र हाइड्रोलजी उपसमूह,
   (ख) मेटेरियोलजी समूह,
   (ग) एगृ इरिगेसन इन्जिनियरिङ समूह ।

## ३०. सूचना तथा सञ्चार मन्त्रालय

१. सूचना तथा सञ्चार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
२. प्रेस तथा सूचना र सुरक्षण मुद्रण,
३. हुलाक सेवाको सञ्चालन, विकास र प्रवर्द्धन,
४. कुरियर सेवाको सुपरिवेक्षण, नियमन तथा नियन्त्रण,
५. पत्रपत्रिकाको विकास तथा प्रकाशन,
६. सूचना, प्रचार तथा प्रसार,
७. रेडियो तथा टेलिभिजन प्रसारण, डाउनलिङ्क तथा केवल सञ्चालन,
८. सूचना सञ्चार सञ्जाल मार्फत् एकीकृत सेवा,
९. चलचित्र विकास,
१०. दूरसञ्चार,
११. सूचना र सञ्चार प्रविधिको विकास तथा विस्तार,
१२. सूचना र सञ्चार प्रविधि सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क,
१३. फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा अनुगमन,
१४. नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, गोरखापत्र संस्थान, चलचित्र विकास बोर्ड, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति तथा नेपाल टेलिभिजन,
१५. सञ्चार विषयक अन्तर्राष्ट्रिय संघ, संस्थासँगको सम्पर्क,
१६. प्रेस काउन्सिल,
१७. राष्ट्रिय सूचना आयोग,
१८. विज्ञापन सम्बन्धी विषय,
१९. नेपाल इन्जिनियरिङ सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ समूह सञ्चालन ।

## ३१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

१. स्वास्थ्य सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी जस्ता चिकित्सा प्रणाली सम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनःस्थापन, अनुसन्धान तथा विकास,
३. विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्यसँग सम्बन्धित अन्तराष्ट्रिय संस्था,
४. स्वास्थ्य तालीम,
५. स्वास्थ्य सेवा सम्बद्ध गैर सरकारी संस्था,
६. स्वास्थ्य विषयक अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग सम्पर्क,
७. नर्सिङ्गहोम, निजी तथा सामुदायिक अस्पताल,
८. स्वास्थ्य क्षेत्रको जनशक्ति विकास र उपयोग,
९. जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्य सेवाको विस्तार, अनुसन्धान, योजना र विकास,
१०. औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण र औषधि वा औषधि उत्पादनमा लागू पदार्थको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिई असुरक्षित तथा न्यून गुणस्तरका औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय, सेवन र नियन्त्रण,
११. चिकित्सा तथा स्वास्थ्यसँग सम्बन्धित परिषद्, प्रतिष्ठान र अन्य संस्था,
१२. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना,
१३. प्रजनन स्वास्थ्य र पोषण शिक्षा,
१४. नेपाल स्वास्थ्य सेवाको सञ्चालन ।

नेपाल कानून आयोग